# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश, घोराही दाङ

### घोराही उपमहानगरपालिकाको स्वास्थ्य नीति २०७८

१.पृष्ठभूमि

नेपालको संबिधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । संबिधानको कार्य बिस्तृतीकरणमा उल्लेख भए अनुसार घोराही उपमहानगरपालिकाका सबै नागरिकलाई स्वास्थ्य, पोषण तथा सरसफाई सेवामा समान पहुँच र उपभोग सुनिश्चित गर्दै संघीय संरचनामा उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र रहि गुणस्तरिय आधारभूत स्वास्थ्य सेवाको प्रवाह गर्नु घोराही उपमहानगरपालिकाको दायित्व हो । यस उपमहानगरपालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, उपमहानगरपालिका भित्र व्याप्त सर्ने तथा नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुन सक्ने स्वास्थ्य सम्बन्धि विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत, जोखिममा रहेका समुदाय, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु, पाँचवर्ष मुनिका बालबालिका, किशोर-किशोरीलाई

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य, सरसफाई तथापोषण सेवा पहुँच योग्य बनाउन उपमहानगरपालिकाले दायित्व बोध गरेको छ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी स्वास्थ्य सेवा प्रणालीको विकास, बिस्तार र सुधार गर्दै विद्यमान तथा नयाँचुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर उपमहानगरपालिका बासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न उपमहानगरपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्बन्धि आवश्यकता र विद्यमान अवस्थाका आधारमा प्रस्तुत *घोराहीउपमहानगरपालिका स्वास्थ्यनीति, २०७८* तयार गरिएको छ।

२. समिक्षा

क) विगतमा गरिएका प्रयासहरु

घोराही उपमहानगरपालिका भित्र मानव सभ्यताको बिकासक्रम संगै विभिन्न सामाजिक तथा सांस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएता पनि औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात वि.सं २०५० मा साबिकको धर्ना, रामपुर, सौडियार, हापुर, नारायणपुर, सैघा र ढिकपुर गा.वि.स मा स्थापना भएका उपस्वास्थ्य चौकीहरु मार्फत भएको हो। त्यस्तै घोराही उपमहानगरपालिका वडा नं.१४ मा रहेको हालको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसर भित्र वि.सं. २०१६ मा स्थापना भएको साविक महेन्द्र अस्पताल र वि.सं. २०३९ मा स्थापना भएको लक्ष्मीपुर स्वास्थ्य चौकीबाट उपचार सेवा प्रदान गर्ने गरिन्थ्यो। जनस्वास्थ्यको क्षेत्रमा विकासक्रमलाई हेर्दा नेपाल परिवार नियोजन, औलो उन्मुलन आयोजना, आईएनएफ (क्षयरोग र कुष्ठ रोग र छाला रोग), नेपाल परिवार नियोजन संघद्धारा स्वास्थ्य सम्बन्धि सेवाहरु संचालन गरिएको थियो। वि.सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन सबै गाउँविकास समितिहरूमा उपस्वास्थ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन

क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनीति अनुरुप उपमहानगरपालिकाभित्रका सबै उपस्वास्थ्य चौकीहरुलाई स्वास्थ्य चौकीमा स्तरोन्ती गरिएको थियो ।

स्वास्थ्य क्षेत्रमा नागरिकहरुको पहुँच बढाउन भ्युडर, कलमघारी, घोडदौरा, हात्तीखर्क, आन्द्राभरैया शहरी स्वास्थ्य केन्द्र स्थापना र करौंतिडाँडामा फोहोर व्यवस्थापनगर्दा स्थानिय वासिन्दामा स्वास्थ्य समस्या हुन सक्ने भएकोले स्थानीयको माग बमोजिम जिल्लाले स्वास्थ्य केन्द्र स्थापना गरी सेवा प्रदान गरेको थियो । वि.स. २०६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप उपमहानगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचारात्मक, प्रबर्द्धनात्मक र प्रतिकारात्मक सेवा शुरु गरी उपमहानगरपालिका बासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिकहकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवाप्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारी कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न उपमहानगरपालिका अन्तर्गत जनस्वास्थ्य प्रबर्द्धन शाखाको स्थापना गरिएको छ भने उपमहानगरपालिका भित्रका स्वास्थ्य चौकीहरु र शहरी स्वास्थ्य केन्द्रहरु उपमहानगरपालिकालाई हस्तान्तरण गरिएको छ । यसैगरी साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना भई सञ्चालनमाआएका छन् ।

उपमहानगरपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरी प्रभावकारी कामहरु सम्पन्न गरी सकेको छ । उपमहानगरपालिका बासीको आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि उपमहानगरपालिकाले

स्वास्थ्यको बस्तुस्थिति झल्कने गरी स्वास्थ्य प्रोफाईल तथा वार्षिक प्रतिवेदन तयार गरेको छ ।

ख. विद्यमान स्थिती

दाङ जिल्लाको कुल जनसंख्याको करिब २९ प्रतिशत जनसंख्या बसोबास गर्ने यस उपमहानगरपालिकाको जनघनत्व २४९ जना प्रतिवर्ग कि.मि. रहेको छ जुन प्रादेशिक (२५३ जना प्रतिवर्ग कि.मि.) भन्दा कम हो । यस उपमहानगरपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न २ वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, १ वटा संस्थागत परिवार नियोजन क्लिनिक, ६ वटा स्वास्थ्य चौकी, १४ शहरी स्वास्थ्य केन्द्र, २० वटा गाँउघर क्लिनिक, ४४ खोप क्लिनिक, २३२ जना महिला स्वास्थ्य स्वयंसेविका छन् भने आयुर्वेद तर्फको स्वास्थ्य सेवा प्रवाह गर्न रामपुर शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्रबाट दैनिक सेवा प्रदान गरिएको छ । उपमहानगरपालिका अन्तर्गतका सबै स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजन सेवा साथै राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र स्वास्थ्य चौकीहरुबाट २४ सै घण्टा प्रसुति सेवा उपलब्ध छ । नगरबासीको आवश्यकतालाई सम्बोधन गर्न निजि क्षेत्रका स्वास्थ्य संस्थाहरुबाट पनि सेवा प्रदान गर्दै आएका छन । आ.व. २०७७।७८ मा डि.एच.आई.एस.–२मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्याको ७१.९ प्रतिशत बिरामीले बाहिरंग सेवा लिएका मध्ये ५७.३४ प्रतिशत महिलाहरु रहेका छन् । यस उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा १३० जना स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ ।

यस उपमहानगरपालिकामा बालविवाह घट्दो क्रममा रहेता पनि अझै किशोरावस्थामा विवाह गर्ने रकम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, रक्तअल्पता, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन् । बिगत केही वर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउनआउनेको संख्यामाबृद्धि भएतापनिदक्ष प्रसुतीकर्मीको अभाव, पूर्वाधारको कमी, सामाजिक सांस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा सबै

स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामाउल्लेख्य बृद्धि हुन सकेको छैन । यस उपमहानगरपालिकामा ७५.३ प्रतिशत बालबालिकाले पूर्ण खोप पाएका छन् ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहायबमोजिम प्रस्तुत गरिएको छ ।

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | घोराही उपमहानगरपालिकाको तथ्याङ्क HMIS | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | | | ६९ | ९९ | ८४ | | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६७.३ | ४३.६ | ३९.५ | ३२.४ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | | १३.९ | २०.८ | २२.१ | ९० | |
| ४ | परिवार नियोजनका | ४३ | ४८ | ३७ | ३१ | २४ | ६० | स्थायी |

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | घोराही उपमहानगरपालिकाको तथ्याङ्क HMIS | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| | आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाको प्रतिशत | | | | | | | बन्ध्याकरणको तथ्यांक समाबेश नभएको |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५२.३ | ७०.५ | ४९.९ | ४५.१ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ५७ | ४७.५ | ७५.३ | | |
| ७ | ५ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | | | ९१ | ३७ | १८ | | |

भौगोलिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक विविधतायुक्त यस उपमहानगरपालिकामा सिकलसेल एनेमियाथालासेमिया जस्ता विशेष प्रकृतिका रोगहरु व्याप्त रहे पनि यकिन तथ्यांक उपलब्ध हुन सकेको छैन । महिलाहरुमा रक्तअल्पता, खोप कभरेजर ५ बर्ष मुनिका बालबालिकाहरुमा कुपोषणको समस्या, परिवार नियोजन साधनको प्रयोग दर, संस्थागत प्रसुति दर साथै डेंगु, औलो, क्षयरोग, कुष्ठरोग, एच.आई.भि.एड्स लगायतका समस्या पनि आशातित रुपमा घटेको पाईदैन । यस उपमहानगरपालिकाको वार्षिक प्रतिबेदन आ.व.२०७६/७७ का अनुसारप्रति एक लाख जनसंख्या मध्ये नयाँ क्षयरोगी बिरामी पत्ता लागेको दर राष्ट्रिय स्तरको (१०९) भन्दा धेरै (१२४) रहेको छ । राष्ट्रिय स्तरमा कुष्ठरोगको निवारण भैसकेको भएता पनि यस उपमहानगरपालिकामा कुष्ठरोगको प्रकोप दर (प्रति दश हजारमा) राष्ट्रिय स्तरको (०.९) भन्दाथोरै (०.३२) रहेको छ । विश्वभरी महामारीका`रुपमा कोभिड १९ रोग फैलेको छ हाल नेपाल जनसंख्या को १.१८ प्रतिशत संक्रमित रहेको अवस्था छ ।

पछिल्लो समयमाआरामदायीजीवन शैली, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन, किटनाशक बिषादीको प्रयोग लगायतका कारणले मुटु तथा श्वासप्रश्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह जस्ता दीर्घ रोगहरुको प्रकोप बढ्नुका साथै सडक दुर्घटनाका कारण शारीरिक असक्तताएवं मृत्यु पनि बढ्दो समस्याका रुपमा रहेको छ । आ.व.२०७७/७८मा ९६ जम्मा विपन्न नागरिक उपचार कोष मार्फत निःशूल्क सेवा लिन सिफारिस गरिएका सेवाग्राहीहरु मुटुरोग (२०जना) , क्यान्सर (३९जना), मृगौला रोग (२२जना), सिकलसेल एनिमिया(३जना), हेडइन्जुरी (३जना), स्पाइनल इन्जुरी (३जना) रहेका छन । उपमहानगरपालिका मातहतमा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष जनशक्ति, औजार तथा उपकरण र औषधि तथा अन्य सामग्रीहरुको आपूर्ति हुन आवश्यक छ । एकिकृत स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरीसोको आधारमा कार्यक्रम तर्जुमा गर्नु आवश्यक रहेको छ भने निजी तहबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै

सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरुसँग हातेमालो गर्नु जरुरी छ।

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हाँसिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएता पनि राष्ट्रिय तथा प्रादशिक तथ्याङ्कको अनुपातमा उपमहानगरपालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा बृद्धि गरी जनअपेक्षा अनुसार स्वास्थ्य सेवाप्रवाहका लागि थप कार्य गर्न जरुरी रहेको छ।

३. बिद्यमान स्वास्थ्य समस्या चुनौती र अवसर

३.१. समस्या

स्वास्थ्य क्षेत्रले कतिपय उल्लेखनीय सफलता हासिल गरिसकेको भएता पनि घोराही उपमहानगरपालिकाले सम्बोधन गर्नु पर्ने समस्या र चुनौतीहरू अझै विद्यमान छन् । संविधानको भावना अनुसार स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच पुऱ्याउन नसक्नु, स्वास्थ्य सेवाप्रवाहलाई जनभावना अनुरुप गुणस्तरीय बनाउन नसक्नु, स्वास्थ्यकर्मीहरुको वृद्धि विकासका साथै उत्प्रेरणा, तथ्यांक विश्लेषणमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवं एकिकृत सूचनाको संकलन, प्रशोधन, प्रतिवेदन, विश्लेषण तथाप्रयोग कमहुनु, निजी क्षेत्रको सूचना एकिकृत गर्न नसक्नु, खरिद तथा आपूर्ति व्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिको लागि प्रर्याप्त सूचना नहुनु, भण्डारण तथा बितरणको उपयुक्त व्यवस्था नहुनु, अत्यावश्यक तथा नि:शूल्क औषधिको अबिछिन्न उपलब्धता र सहज पहुँचका लागि प्रर्याप्त वजेट र लगानी नपुग्नु, स्थानीय तहहरुमा स्वास्थ्यको अपर्याप्त संस्थागत क्षमता, सुशासनका व्यवहारहरु जस्तै वडापत्र, सामाजिक परिक्षण आदि प्रभावकारी रुपमा पालना नगरीनु रहेका छन । यसका साथै लक्ष्यमा आधारित कार्यक्रममा जोड नहुनु, स्वास्थ्य संस्था व्यवस्थापन समितिको बैठक नियमित तथा व्यवस्थित नहुनु, व्यवस्थापन समितिको बैठकमा विश्लेषणत्मक छलफल नगरी आर्थिक पाटोमा मात्र बढि केन्द्रित रहनु, स्वास्थ्य संथाहरुमा

मासिक कर्मचारी बैठक नियमित नहुनु । वातावरणीय प्रभावले मानवी स्वास्थ्यमा पार्ने समस्याहरुको उचित व्यवस्थापन गर्न नसक्नु, फोहोर व्यवस्थापन, दुर्व्यसनको समस्या, सडक दुर्घटना, व्यवसाय जन्य स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यबस्थापन गर्न नसक्नु साथै स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरुको आशातित प्रतिफल प्राप्त नहुनु आदिमा समस्याहरु रहेका छन्।

३.२. चुनौती

परिवर्तित सन्दर्भमा विभिन्न तहगत तथा अन्य प्रशासनिक निकायहरु बीचको प्रभावकारी समन्वय, स्रोत तथा साधनहरुको यथोचित उपलब्धता एवं व्यवस्थापन, प्रविधिमैत्री जनशक्ति तथा एकिकृत सूचना प्रणाली र स्वास्थ्य सूचनाहरुको विश्लेषण र व्याख्या गर्ने सिप र दक्षता, स्वास्थ्य सेवामा गुणस्तरको सुनिश्चितता, स्वास्थ्यमा गर्नुपर्ने लगानीको समान बुझाई, प्रभावकारी आन्तरिक नियन्त्रण, लक्षित वर्गको पहिचान गरी सर्बव्यापी पहुँच स्थापित गर्नु, सामाजिक तथा सांस्कृतिक व्यवधानहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार विभिन्न तहमा सञ्चालित कार्यक्रमको संचालन र अनुगमनमा कठिनाइ, विधि र व्यवहारमा संघीय प्रणाली अनुसार परिवर्तन गर्नु गराउनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । साथै स्वास्थ्य क्षेत्रको समग्र विकास तथा समानुपातिक तथा सहभागिता मुलक स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न आवश्यक नीति तथा कानुनको अभाव, अपर्याप्त आवश्यक पूर्वाधार तथा जनशक्ती आदि चुनौतीहरू बिद्यमान रहेका छन् ।

३.३. अवसर

घोराही उपमहानगरपालिका भित्रका सामाजिक, सांस्कृतिक तथा भौगोलिक विशिष्टताका आधार मानी ति तथा योजना निर्माण गरी कार्यन्वयन गर्न सक्नु, आवश्यकता अनुसार स्वास्थ्यक, महिलाकर्मी, स्वास्थ्य स्वयं सेविका, निजि तथा गैह्रसरकारी संस्थाहरुको सहयोगी भूमिका, स्वास्थ्य सेवा एकिकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सही प्रयोग गर्न सकिने अवस्था, विधि प्रविधिको पहुँचमा बृद्धि, उपमहानगरपालिकाको स्वास्थ्य वित्तीय रणनीति बनाई लागू गर्न सकिने, लागत सहितको कार्ययोजना बनाई लागू गर्न सकिने,

जनप्रतिनिधिको उपस्थितिमा अनुगमन गर्ने व्यवस्था तथा जनप्रतिनिधिहरुको उत्साह र प्रतिवद्धता रहनु स्वास्थ्य क्षेत्रको अवसरको रुपमा रहेका छन् । यसै गरी निजी स्वास्थ्य संस्था, गैह्रसरकारी संस्था तथा सरकारी साझेदारी, दुर चिकित्साको व्यवस्था गर्न सकिने आदि स्वास्थ्य क्षेत्रको विकासको लागि अवसरहरु रहेका छन् ।

४. उपमहानगरपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

४.१. औचित्य

स्वास्थ्य क्षेत्रले विगतका केही दशकमा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउँदै सेवामा अविछिन्नता कायम राख्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतिहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरीकको संविधान प्रदत्तहक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । उपमहानगरपालिकाको प्राथमिकता अनुकुल हुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि उपमहानगरपालिकाले स्वास्थ्य नीति प्रतिपादन गर्न अपरिहार्य छ ।

४.२. निर्देशक सिद्धान्त

उपमहानगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मुल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधार मा नीति तथा रणनीति प्रस्ताव गरीएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा घोराही उपमहानगरपालिकाको स्वास्थ्य नीति, २०७६ को कार्यान्वयन गरिनेछ ।

१.गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच

२.अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा

३.सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा

४.तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यबस्थापन

५.सुशासन, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता

६. समतामुलक स्वास्थ्य बिमा लागु

७. सिमान्तकृत, दलित, जनजाति र जेष्ठ नागरिक लक्षित विशेष स्वास्थ्य सेवा

४.३. भावी सोच

घोराही उपमहानगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने ।

४.४. ध्येय

उपलब्ध साधन र स्रोतको अधिकतमप्रयोग गरी क्षेत्रगत सरोकारवालाहरू बीच समन्वय र सहकार्यलाई सुदृढ एवं सुव्यवस्थित गर्दै नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।

४.५. लक्ष्य

न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा उपमहानगरपालिका वासीको स्वास्थ्य सेवाको पहुँच र उपभोग बृद्धि गर्ने साथै दिगो बिकास लक्ष्यलाई सफलिभुत गराउने ।

४.६. उद्देश्यहरू

१.उपमहानगरपालिका बासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नपर्ने वातावरण सृजना गर्ने ।

२. सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि , औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३. स्वस्थजीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्नेमा नवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।

४. प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचनातथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।

५. स्वास्थ्य सेवाप्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्नेतथा स्वास्थ्यक्षेत्र मार्फत समग्र उपमहागनगर विकासमा योगदान पुर्‍याउने ।

५. नीतिहरु

घोराही उपमहानगरपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्बोधन गर्दै उपमहानगरपालिका बासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न उपमहानगरपालिकाले देहायका नीति अवलम्वन गरेको छ।

५.१ सर्वव्यापी पहुँचको अवधारणा अनुसार उपमहानगरपालिका वासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाप्रवाह गरिने छ ।

५.२ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवाप्रवाहलाई गुणस्तरीय, जवाफदेहीएवं परिणाममूखी बनाईने छ ।

५.३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरीनेछ ।

५.४.न्यूनतम सेवा मापदण्ड (**Minimum Service Standard**) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (**National Medical Standard**)अनुसारको स्वास्थ्य सेवाप्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

५.५ सामुदायीक, निजि तथा गैह्रसरकारी क्षेत्रका सेवाप्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदानगरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिनेछ र उनीहरुको क्षमता अभिबृद्धिमा सहयोग गरिनेछ ।

५.६ स्वास्थ्य क्षेत्रमा दिगो विकासकालागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न उपमहानगरपालिकाबाट स्वास्थ्य

क्षेत्रमालगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ।

५.७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ।

५.८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन  स्थानीय आवश्यकताका आधारमा दक्षजन शक्तिको व्यवस्थापन गरिनेछ।

५.९ स्वस्थर सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ।

५.१० स्वास्थ्य बर्द्धक खाद्यपदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ।

५.११ आयूर्वेद तथा बैकल्पीक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ।

५.१२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई, ध्वनी प्रदुषण न्यूनीकरण र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र व्यवस्थापन गरी उपमहानगरपालिका वासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।

५.१३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ।

५.१४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक, सांस्कृतिकर लैंगिक हिसाबले पछाडी परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरीस्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ।

५.१५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ।

५.१६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुसँग आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ।

५.१७ विभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया, जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ।

५.१८ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्यवस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्येसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवन यापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिने छ।

६. प्रमुख रणनीतिहरु

नीतिः १ सर्वव्यापी पहुँचको अवधारणा अनुसार उपमहानगरपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाप्रवाह गरिने छ।

- राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु उपमहानगरपालिकाका सबै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क उपलब्ध गराईनेछ। आवश्यकता अनुसार तोकिएका आधारभूत स्वास्थ्य सेवामा थप सेवाहरु समावेश गरिनेछ, थप गरिएका सेवाहरुको व्ययभार उपमहानगरपालिकाले व्यवस्थापन गर्नेछ।
- भूगोल र जनघनत्वका आधारमा आधारभूत तथ आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ।
- स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांगतथा जेष्ठ नागरिकमैत्री संस्थाको रुपमा विकास गरिने छ।

- संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्बुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ।
- तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमतातथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरीने छ।
- समुदाय तथा विद्यालयहरुमा आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन क्रमशः रोमिङ नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यबस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आमनागरिकहरु परिचालन गरीनेछ।

नीति : २ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय,जवाफदेही एवं परिणाममूखी बनाईने छ।

- स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यवस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलीकृत गर्न संघ तथा प्रदेश संग सामन्जस्यता हुने गरी स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरिने छ।
- उपमहानगरपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हकतथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक परिक्षण, नागरीक बडापत्र, सार्बजनिक सुनुवाई व्यवस्था गरिनुका साथै स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलनगरी सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ।
- स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरी सशक्त एवं जिम्मेवार बनाइ सेवा सुदृढ गरिनेछ।

- गैर सरकारी संघ संस्था, दातृ निकायहरु तथा नीजि क्षेत्रलाई परिणाममूखी कार्य गर्नको लागि उपमहानगरपालिकाको मुलधारमा ल्याई आवश्यक सहजीकरण र अनुगमन गरीने छ।

नीति : ३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवाप्रवाहको लागिआवश्यकन्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मकतथापुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरीनेछ।

- आयुर्वेद लगायत सम्पूर्ण स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला तथा अन्य सेवाको स्थापना तथा बिस्तार गर्दै लगिनेछ।
- स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ, बिजुली, इन्टरनेट सेवा र मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवाप्रदान गर्ने निकायबाट प्रवाहहुने सेवाको गुणस्तर सुनिश्चिताको लागि उपमहानगरपालिका स्तरमा आवश्यक अनुगमन तथा मूल्याकंन संयन्त्रको व्यवस्था गरीनेछ।
- विभिन्न स्वास्थ्य दिवसको अवसर पारी जनचेतना मूलक अभियान सञ्चालन गरिनेछ।

नीति : ४. न्यूनतम सेवा मापदण्ड (**Minimum Service Standard**)तथा राष्ट्रिय चिकित्सा मापदण्ड (**National Medical Standard**)अनुसारको स्वास्थ्य सेवाप्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ।

- उपमहानगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ।

- उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सूचीतयार गरी खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधिजन्य सामाग्रीहरु उपमहानगरपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध गराईनेछ ।
- उपमहानगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।

नीति : ५. सामुदायीक, निजितथा गैह्रसरकारी क्षेत्रका सेवाप्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदानगरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिनेछ र उनीहरुको क्षमता अभिबृद्धिमा सहयोग गरिनेछ।

- उपमहानगरपालिकाभित्र सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवा प्रदायक निजी संस्थाको दर्ता तथा सञ्चालन अनुमतिदिने तथा कानून बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक तथा निजी क्षेत्रले आफ्नो प्रगति प्रतिवेदन नियमित रुपमा पालिकामा पेश गर्ने व्यवस्था मिलाईने छ ।
- सार्वजनिक तथा निजी क्षेत्रको सहभागिताको अवधारणलाई थप प्रोत्साहित तथा व्यवस्थित गरिने छ ।

नीति : ६. स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न उपमहानगरपालिकाबाट

स्वास्थ्य क्षेत्रमा लगानी बढाउँदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।

- उपमहानगरपालिकाको कूल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरिनेछ ।
- संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रम लागू गरी उपमहानगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरिनेछ । अतिगरिब, विपन्न तथा लोपउन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।
- स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजी साझेदारी" रणनीति बनाई लागू गरीने छ ।
- निजीक्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजनागर्न आवश्यक साझेदारी गरिनेछ ।
- निजीक्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतःजनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न आवश्यक वाताबरणको सृजना गरीनेछ ।

नीति : ७. स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।

- प्रत्येक स्वास्थ्य संस्थाहरु, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा **DHIS – 2**को विस्तार गरी बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ब्यवस्था सुनिश्चित गरीनेछ ।

- उपमहानगरपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरीने छ ।
- तथ्यांकको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत विद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत स्मृती संरक्षणका लागि उचित व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न उपमहानगरपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापनगर्ने, तथा अध्ययनतथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ।
- स्वास्थ्य सुचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ।

नीति : ८. स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

- स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तव्य प्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरीने छ ।
- स्वास्थ्य सेवालाई उपमहानगरपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M)गरी वैज्ञानिक

आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

- स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालनगर्दै समयानुकूल स्वास्थ्य सेवाप्रवाह गर्न स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य संस्थामातोकिएका सेवाहरु प्रवाह गर्न आवश्यकजनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितततागरिनेछ।
- बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसँग समन्वय र सहकार्य गरिने छ ।
- स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथाकार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।
- स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई उपमहानगरपालिका भर प्रभावकारी रुपमा लागू गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समय सापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन गरिनेछ ।

नीति : ९. स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्यशिक्षा र सूचना प्रवाहगर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ ।

- स्वस्थ सकारात्मकव्यवहार परिवर्तन तथा स्वास्थ्य प्रबर्धनको लागि समुदायका राजनितिक, सामाजिक तथा सांस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरिने छ ।
- दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीनेछ ।

- सेवाप्रदायकलाई स्वास्थ्य सुचना प्रवाहमा जिम्मेवार वनाउदै सुचनामैत्री स्वास्थ्य संस्थाको विकास गरिने छ ।
- स्वास्थ्य सेवाग्राहीको सुचनाको गोपनियता र हकलाई सुनिश्चित गर्न कार्यविधि बनाई लागू गरिनेछ ।
- विद्यालय, क्याम्पस तथा पेशागत जोखिम अधिक हुने संस्थाहरुमा स्वास्थ्य सूचना कक्षको स्थापना गरिनेछ ।
- प्रमूख सार्वजनिक स्थलहरुमा विद्युतीय माध्यम मार्फत स्वास्थ्य सन्देशहरु प्रवाह गरिने छ ।

नीतिः १०. स्वास्थ्य बर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ ।

- पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रवर्धन गर्न कृषि क्षेत्र लगायत सम्बन्धित सरोकारवालाहरु सँग समन्वय र पैरवी गरी स्थानीय स्तरमा उत्पादन हुने स्वास्थ्य वर्धक रैथाने खाद्यवस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।
- संघीय स्तरमा निर्माण भएको बहुक्षेत्रीय पोषण योजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम लगायतलाई उपमहानगरपालिकाको परिवेश अनुकुल बनाई कार्यान्वयन गरीने छ ।
- स्वास्थ्यमा नकारात्मक असर पार्ने आहार (**Incompatible food and drinks**) सेवन र पत्रु खाना (जंक फुड) को बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियमन गरीनेछ ।
- कुपोषित बालबालिकाहरुको पुनर्स्थापनाका लागि आवश्यकता अनुसार पोषण पुनर्स्थापना सेवा केन्द्र स्थापना, सुदृढिकरण एवं बिस्तार गरीनेछ ।

- दुग्ध, अण्डा, मासु जन्य तथा अन्य खाद्यपदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक समन्वय गरी उत्पादन, विक्री वितरण र उपभोगमा आवश्यक प्रबर्द्धन गरिनेछ ।
- पोषणयुक्त नमुना टोल, वार्ड र पालिकाको अवधारण अवलम्बन गरिनेछ ।

नीति : ११. आयूर्वेद तथा उपमहानगरपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवाप्रवाहलाई व्यबस्थित गरिनेछ ।

- आधारभूत आयुर्वेद एंव बैकल्पिक चिकित्सा सेवा नि:शुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ संगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरीने छ ।
- राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरीनेछ ।
- वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।
- आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सकीय सेवाहरुलाई निश्चित मापदण्ड आधारमा सुचिकृत, ब्यवस्थित तथा नियमन गरिनेछ।

नीतिः १२. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र ब्यवस्थापन गरी उपमहानगरपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

- समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ ।

- खुला दिशामुक्त उपमहानगरपालिकाबाट पूर्णसरसफाई युक्त उपमहानगरपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरीनेछ।
- उपमहानगरपालिका भित्र पानी, वायु, ध्वनी लगायत अन्य वाताबरणीय प्रदूषण नियन्त्रण गर्न लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिने छ।
- पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वातावरणीय अवस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ।
- सर्वव्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवाजन्य फोहोर मैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरुसँगको सहकार्यमा उचित किसिमले फोहोर मैला संकलन, छुट्याउने र बिर्सजनको व्यवस्था गरिनेछ।
- किटनाशक विषादीको प्रयोगलाई नियमन तथा औधोगिक रसायनको समुचित बिर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरीनेछ।
- पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्य क्षेत्रमा हुन सक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईनेछ।
- व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरीनेछ।

नीतिः १३. महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ।

- महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा उपमहानगरपालिका प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरीने छ।

- उपमहानगरपालिका तथा वडा स्तरीय स्वास्थ्य क्षेत्र आपत कालिन पूर्व तयारी योजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।
- सम्भावित विपद वा प्रकोपलाई व्यवस्थापन कार्यका लागि प्रदेश सरकार संगको सहकार्यमा उपमहानगरपालिका स्वास्थ्य आपत्कालिन कार्य सञ्चालन केन्द्र **(Municipal Health Emergency Operation Centre)** स्थापना गरी वडादेखि उपमहानगरपालिका तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरीनेछ ।
- सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थानवा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधितथा सामग्रीहरुको बफर स्टक राख्ने व्यवस्था गरीनेछ ।
- उपमहानगरपालिका तथा वडा स्तरीय द्रुत प्रतिकार्य टोली**(RRT)** तथा सरकार संगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली **(EMT)** गठन गरी अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ ।
- कोभिड जस्तै महमरी प्रकोप फैलेको बेला विभिन्न निकायहरु सँग समान्वय गरी महामारिको व्यवस्थापान गरिने छ ।

नीतिः १४. सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र सांस्कृतिक हिसाबले पछ्याडी परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरी स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ ।

- संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ । अतिगरिब, विपन्न तथा लोपउन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।

- स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरीने छ ।
- पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलव्ध हुने व्यवस्था मिलाईने छ ।
- लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका सवास्थ्यकर्मिहरुलाई प्राथमिकता दिई सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरीनेछ ।
- उपमहानगरपालिकाको आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवाप्रदान गर्न बिशेष कार्यक्रम बनाई लागू गरीनेछ ।

नीतिः १५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।

- राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार पालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषणसँग सम्बन्धीत कार्यक्रमलाई वडा तथा स्वास्थ्य सँस्था संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।
- नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै उपमहानगरपालिका तहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरिनेछ ।

- विभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमामहिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ ।
- सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ । लैंगिक पहिचानको आधारमा गरीने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गरीनेछ ।
- गुणस्तरीय यौन तथा प्रजनन् स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ ।
- उपमहानगरपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवाप्रदान गर्न सक्षम बनाइने छ ।

नीतिः १६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।

- उपमहानगरपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समाबेश गरीने छ ।
- बहुक्षेत्रीय, बहुपक्षीय समन्वय र सहकार्य प्रणाली स्थापना गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरीनेछ ।

नीतिः १७ बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया, जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

- संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न सम्बन्धी कार्यक्रम कार्यान्वनयनको अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ ।

- खोपबाट गर्न सकिने रोगहरुको रोकथाम नियन्त्रणका तथा निवारणका लागि निगरानी कार्य गरी उपमहानगरपालिकालाई पूर्णखोप सुनिश्चित उपमहानगरपालिका घोषणा गरिनेछ  र यसलाई निरन्तरता दिइने छ।
- समयमै रोगको पहिचान गर्न नियमित तथा बिशेष शिविरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु संचालन गरिनेछ।
- क्षयरोग, एचआइभी र एड्स तथाऔलो लगायतका सरुवा रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरीनेछ।
- रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरु जस्तै मलेरिया, डेंगु, हात्तिपाइले, स्क्रब टाइफस, कालाजार आदी रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा बिस्तार गरिनेछ।
- सिकलसेल तथा थालेसिमिया रोगको रोकथाम र निःशुल्क उपचारको लागिउचित योजना बनाई कार्यान्वयन गरीनेछ।

नीतिः १८ नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्यवस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरि स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिने छ।

- स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्वास्थ्य संस्थातथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ।
- स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थआहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरीनेछ।

- मुटुरोग, मधुमेह, मृगौला रोग, दिर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथाम र व्यवस्थापन लागि **Package of Essential Non-Communicable (PEN) Disease Interventions** लाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिने छ।
- मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि आधुनिक तथा आयूर्वेद चिकित्सा पद्धतीबाट, मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरीनेछ।
- लागू पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरीनेछ।

७. संस्थागत संरचना

- नीति कार्यान्वयनका लागि घोराही उपमहानगरपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन् ।त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तर्गत सेवा प्रवाहका लागि घोराही उपमहानगरपालिका स्तरमा प्राथमिक अस्पताल र ट्रमा सेन्टर स्थापना गरिनेछ साथै प्राथमिक अस्पतालमा प्रजनन स्वास्थ्यका बुदाहरु समेटेर सेवा संचालन गर्ने संरचना बनाईनेछ।
- मानव संशाधन विकासका लागि संघिय सरकार, प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसँग क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, रेडियोग्राफी सेवा, आँखाउपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार शहरी स्वास्थ्य केन्द्र र आयुर्वेद स्वास्थ्य

केन्द्र स्थापनाको लागिसंघीय सरकार, प्रदेश सरकार, गैर सरकारी तथा साझेदारी संस्थाहरुसँग समन्वय एवं सहजीकरण गरिने छ ।

- स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न उपमहानगरपालिका तहमा निर्देशक समिति वा अन्य संयन्त्रको व्यबस्था गरिनेछ ।
- नीतिले परिकल्पना गरे अनुसार स्वास्थ्य सम्बन्धिआवश्यक ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि लगायतका कानूनी दस्तावेज तर्जुमा गरी लागू गरिनेछ । नीतिको विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- बढ्दो जनसंख्या बृद्धि, शहरीकरण तथा औद्योगिकरणबाट सिर्जित बातावरण प्रदुषण न्युनिकरणका लागी आवश्यक संस्थागत संरचना बनाईनेछ ।

## ८.आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः घोराही उपमहानगरपालिकाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न घोराही उपमहानगरपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु ,निजी तथा व्यक्तिगत दातासँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## ९.अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखा र स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ

। वडा समितिहरु एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागिता मुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

१०.नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि घोराही उपमहानगरपालिकाले आवश्यक ऐन, निर्देशिका, कार्यबिधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन योजना बनाउने छ । यही योजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

११.जोखिम

राज्यको पुन:संरचनाको चरण, बढ्दो जनआकांक्षा, उपमहानगरपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, उपमहानगरपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान महामारी अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद उपमहानगरपालिकावासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न घोराही उपमहानगरपालिकाको स्वास्थ्य नीति २०७८ को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्यूनीकरण गरिनेछ ।

आज्ञाले,
ऋषिराम के.सी
प्रमुख प्रशासकीय अधिकृत